बागमती प्रदेश सभा

दोस्रो कार्यकाल

छैटौं अधिवेशन

बैठक संख्या: १६

सूचना पत्र -२

(बैठकको कारवाही संक्षिप्त विवरण)

२०८२ असार २१ गते, शनिवार

बागमती प्रदेश सभाको आजको बैठक माननीय सभामुख श्री भुवन कुमार पाठकको अध्यक्षतामा साझ ७:४६ बजे प्रारम्भ भयो।

त्यसपछि माननीय सभामुखले आजको बैठकमा शुन्य समय र विशेष समय नरहने व्यहोरा जानकारी गराउँनुभयो ।

तत्पश्चात माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कुन्दनराज काफ्लेको तर्फबाट माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री सुरजचन्द्र लामिछानेले मिति २०८२ असार १ गते प्रदेश सभामा पेश भएको विनियोजन विधेयकमा थप भएका कार्यक्रमहरु पेश गर्नुभयो।

त्यसपछि माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कुन्दनराज काफ्लेले **"आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२"** माथि सभामा विचार गरियोस् भन्ने प्रस्ताव पेश गर्नुभयो।

तत्पश्चात माननीय सभामुखले **"आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२"** माथि विचार गरियोस् भन्ने प्रस्तावमाथि अर्थात् विधेयक माथिको सामान्य छलफल प्रारम्भ गर्नुहुँदै माननीय सदस्यहरूलाई यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउँनुभयो ।

त्यसपछि माननीय सभामुखले उक्त छलफलमा बोल्न चाहनु हुने माननीय सदस्यहरुको लागि ३ मिनेट समय निर्धारण गरेको जानकारी गराउँनु भयो । उक्त छलफलमा देहायका माननीय सदस्यहरुले भाग लिनुभयो:-

१. माननीय रत्न प्रसाद ढकाल
२. माननीय उद्धव थापा
३. माननीय सुरेन्द्रराज गोसाई
४. माननीय कृष्ण प्रसाद शर्मा खनाल

यसैबिच माननीय कृष्ण प्रसाद शर्मा खनालले बोलिसकेपछि माननीय नुरज बज्रचार्यले माननीय सदस्यहरुले छलफलमा भाग लिदा **"गाईजात्रा"** शब्दलाई गलत रुपमा व्याख्या गरेको अभिव्यक्ति दिनुभएको भनि त्यस प्रति आपत्ति जनाउँदै सो कुरा रेकर्डबाट हटाउन माग गर्नुभयो । त्यसैगरि माननीय सुना परियारले कृष्ण प्रसाद शर्मा खनालले छलफलमा भाग लिदा **"बेश्यावृत्ति"** भन्ने नराम्रो शब्द प्रयोग गरि अभिव्यक्ति दिनुभएकोले त्यस प्रति आपत्ति जनाउँदै सो कुरा रेकर्डबाट हटाउन माग गर्नुभयो ।

तत्पश्चात माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कुन्दनराज काफ्लेले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि माननीय सभामुखले **"आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२"** माथि विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो ।

तत्पश्चात माननीय सभामुखले विनियोजन विधेयक २०८२ मा उल्लिखित शीर्षकहरूमा खर्च कटौतीको प्रस्तावको सूचना दिन चाहनुहुने माननीय सदस्यले प्रदेश सभा सचिवालयमा दिन सक्नुहुनेछ भन्दै विनियोजन विधेयक माथिको छलफलमा भाग लिंदा खर्च कटौतिको प्रस्तावको सम्बन्धमा समेत आफ्नो भनाई राख्न सक्नुहुने व्यहोरा जानकारी गराउँनुभयो।

तदनन्तर प्रदेश सभाको अर्को बैठक मिति २०८२ साल असार २२ गते आईतवार, बिहान ११:०० बजे बस्ने गरी यो बैठक बेलुकाको ८:०७ बजे स्थगित भयो।

(रामकुमार पौडेल)
सचिव